संघीय संसद

प्रतिनिधि सभा

राज्य व्यवस्था तथा सुशासन समिति

सम्वत् २०७६ असार अन्तिम साता परेको अविरल वर्षाका कारण बाढी र डुबानबाट प्रभावित जिल्लाहरुको स्थलगत निरीक्षण तथा अनुगमन प्रतिवेदन



२०७६

राज्य व्यवस्था तथा सुशासन समिति सचिवालय, सिंहदरबार, काठमाडौं ।

फोन नं. ०१४२००३४४

विषयसूची

विवरण	पेज नं.
अध्याय-१ **परिचय**	
१.१ पृष्ठभूमि	१
१.२ स्थलगत अनुगमनको उद्देश्य	३
१.३ अध्ययन विधि	४
१.४ अध्ययन सीमा	४
१.५ प्रतिवेदन संरचना	५
अध्याय-२	
२.१ स्थलगत अनुगमन गरिएका स्थान र जिल्लागत क्षतिको विवरण	६
२.१.१ काठमाडौं उपत्यका (क) काठमाडौं जिल्ला (ख) भक्तपुर जिल्ला (ग) ललितपुर जिल्ला	६
२.१.२ जनकपुर पूर्वका जिल्लाहरु (क) सिराहा जिल्ला (ख) उदयपुर जिल्ला (ग) सप्तरी जिल्ला (घ) सुनसरी जिल्ला (ङ) मोरङ्ग जिल्ला	१३
२.१.३ जनकपुर पश्चिमका जिल्लाहरु (क) धनुषा जिल्ला (ख) महोत्तरी जिल्ला (ग) सर्लाही जिल्ला (घ) रौतहट जिल्ला (ङ) बारा जिल्ला (च) पर्सा जिल्ला	२०
२.१.४ क्षतिको विवरण	३०

अध्याय-३ **निष्कर्ष तथा सुझाव**	
३.१ निष्कर्ष	३१
क) बाढीबाट प्रभावित क्षेत्रमा देखिएका समस्याहरु	
ख) बाढी आउनुका मुख्य कारणहरु	
३.२ सुझाव	३४
४. अनुसूची	
स्थलगत अनुगमनका केही दृश्यहरु	

अध्याय-१

१.१ पृष्ठभूमिः

सम्वत् २०७६ साल असार अन्तिम साता परेको अविरल वर्षाका कारण भएको डुबान, र बाढीबाट काठमाडौं, ललितपुर, भक्तपुरका साथै तराईका मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, उदयपुर, धनुषा, सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा लगायत विभिन्न जिल्लामा ठूलो मात्रामा जनधनको क्षति भएको थियो । बाढी र डुवानबाट प्रभावित क्षेत्रहरूमा भएको क्षति र तत्काल गरिएका उद्धार, घाइतेको औषधि उपचार, राहत वितरण, पुनःस्थापन एवं पुनर्निर्माणका कार्यहरू र बाढी प्रभावित जनताको अवस्थाबारे बुझ्न राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७६/०४/०१ गतेको बैठकले उक्त प्रभावित क्षेत्रहरुमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने निर्णय भए बमोजिम श्रावण महिनाको पहिलो हप्ता समितिले भक्तपुर, काठमाडौंमा समितिका प्रायः सबै माननीयज्यूहरु र जनकपुर पूर्वका बाढी प्रभावित जिल्लाहरु (सिराहा, सप्तरी, उदयपुर, मोरङ्ग र सुनसरी) र जनकपुर पश्चिमका जिल्लाहरु (धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा र बारा) मा दुई अनुगमन टोली बनाई स्थलगत अनुगमन गरेको थियो ।साथै समिति सदस्य मा. नवराज सिलवाल ज्यू सहितको एक अनुगमन टोलीबाट ललितपुर जिल्लाको विभिन्न बाढी, वर्षा प्रभावित क्षेत्रको अनुगमन गरिएको थियो ।उक्त अनुगमनमा देहाय बमोजिमका माननीय सदस्य एवं कर्मचारीहरुको संलग्नता रहेको थियो ।

(क) भक्तपुर जिल्लाको अनुगमन टोलीमा सहभागी माननीय सदस्यहरुः

क्र.सं.	माननीयहरुको नामावली	क्र.सं.	माननीयहरुको नामावली
१	मा. श्री शशी श्रेष्ठ	९	मा. श्री बृजेश कुमार गुप्ता
२	मा. श्री कृष्णगोपाल श्रेष्ठ	१०	मा. श्री महेश्वरजंग गहतराज (अथक)
३	मा. श्री छक्क बहादुर लामा	११	मा. श्री मीना पाण्डे
४	मा. डा. डिला संग्रौला (पंत)	१२	मा. श्री यशोदा गुरुङ सुवेदी
५	मा. श्री तिर्था गौतम	१३	मा. श्री रामसहाय प्रसाद यादव
६	मा. श्री दिलेन्द्र प्रसाद बडू	१४	मा. श्री रेखा शर्मा
७	मा. श्री देवेन्द्र राज कँडेल	१५	मा. श्री लक्ष्मी कुमारी चौधरी
८	मा. श्री प्रेम सुवाल		

भक्तपुर जिल्लामा स्थलगत अनुगमनका लागि समितिका माननीय सदस्यहरु सहित भक्तपुर नगरपालिकाका मेयर, उपमेयर, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतका कर्मचारीहरु र समिति सचिवालयबाट ना.सु. श्री सकुन्तला भट्टको सहभागिता रहेको थियो ।

(ख) काठमाडौं जिल्लाको अनुगमन टोलीमा सहभागी माननीय सदस्यहरुः

क्र.सं.	माननीयहरुको नाम	क्र.सं.	माननीयहरुको नाम
१	मा. श्री शशी श्रेष्ठ	१०	मा. श्री प्रेम सुवाल
२	मा. श्री कृष्णगोपाल श्रेष्ठ	११	मा. डा. बिजय सुब्बा
३	मा. श्री छक्क बहादुर लामा	१२	मा. श्री महेश्वरजंग गहतराज (अथक)
४	मा. श्री झपट बहादुर रावल	१३	मा. श्री मीना पाण्डे
५	मा. डा. डिला संग्रौला (पंत)	१४	मा. श्री यशोदा गुरुङ सुवेदी
६	मा. श्री तिर्था गौतम	१५	मा. श्री राजेन्द्र प्रसाद श्रेष्ठ
७	मा. श्री दिलेन्द्र प्रसाद बडू	१६	मा. श्री रेखा शर्मा
८	मा. श्री देवेन्द्र राज कँडेल	१७	मा. श्री लक्ष्मी कुमारी चौधरी
९	मा. श्री पम्फा भुसाल		

काठमाडौं जिल्लामा स्थलगत अनुगमन अनुगमनका लागि समितिका माननीय सदस्यहरु सहित गृह मन्त्रालयका सहसचिव इन्दु घिमिरे, सहायक प्र.जि.अ. कृष्ण बहादुर कटवाल लगायतका कर्मचारीहरु र समिति सचिवालयबाट शाखा अधिकृतद्वय श्री गुणमाया सुनुवार र श्री जयराम खड्का, रेकर्डिङ्ग अपरेटर रामहरि पोखेल र क्यामेरामेन श्री सुरेश घिमिरेको सहभागिता रहेको थियो ।

ग) ललितपुर जिल्लाको अनुगमन टोलीमा सहभागी माननीय सदस्यहरुः

ललितपुर जिल्लामा स्थलगत अनुगमनका लागि समितिका माननीय श्री नवराज सिलवाल ज्यू सहितको टोलीद्धारा सम्वत् २०७६ साउन ४ गतेदेखि ललितपुर जल्लाको बाढी प्रभवित क्षेत्रहरुको स्थलगत अनुगमन गरिएको थियो ।

घ) जनकपुर पूर्वका जिल्लाहरुको अनुगमन टोलीमा सहभागी माननीय सदस्यहरुः

क्र.सं.	माननीयहरुको नामावली	जिम्मेवारी
१	मा. श्री दिलेन्द्र प्रसाद बडू	संयोजक
२	मा. डा. डिला संग्रौला (पंत)	सदस्य
३	मा. श्री यशोदा गुरुङ सुवेदी	सदस्य
४	मा. श्री राज किशोर यादव	सदस्य

समिति सचिवालयबाट स्थलगत अनुगमनमा संलग्न कर्मचारीहरुः

१. इलेक्ट्रोनिक्स इन्जिनियर श्री रविन्द्र रिजाल

२. क्यामेरामेन श्री पुरुषोत्तम मगिया

ङ) जनकपुर पश्चिमका जिल्लाहरुको अनुगमन टोलीमा सहभागी माननीय सदस्यहरुः

क्र.सं.	माननीयहरुको नामावली	जिम्मेवारी
१	मा. श्री रामसहाय प्रसाद यादव	संयोजक
२	मा. डा. बिजय सुब्बा	सदस्य
३	मा. श्री महेश्वरजंग गहतराज (अथक)	सदस्य
४	मा. श्री राजेन्द्र महतो	सदस्य

समिति सचिवालयबाट स्थलगत अनुगमनमा संलग्न कर्मचारीहरुः

१. उपसचिव श्री इन्द्रविलास पौडेल

२. क्यामेरामेन श्री विक्रम श्रेष्ठ

१.२ स्थलगत अनुगमनको उद्देश्यः

स्थलगत निरीक्षण तथा अनुगमनको उद्देश्य निम्नानुसार रहेका थियो :-

- बाढी र डुबानबाट बढी प्रभावित जिल्लाहरुको क्षतिको जानकारी लिने,

- बाढी र डुबानबाट बढी प्रभावित जिल्लाहरुमा सम्बन्धित निकायहरुबाट गरिएको उद्दार, राहत वितरण र पुनः स्थापनाका सम्बन्धमा जानकारी लिने,
- बाढी र डुबानबाट बढी प्रभावित जिल्लाहरुका लागि सरकारी तवरबाट तत्काल र दीर्घकालमा गर्नुपर्ने कार्यहरु पहिचान गरी सरकारलाई आवश्यक सुझावहरु दिने ।

१.३ अध्ययन विधिः

स्थलगत अनुगमनका क्रममा निम्न विधिहरु अवलम्बन गरिएको थियोः-

- स्थलगत रुपमा अवलोकन, निरीक्षण, भेटघाट, प्रत्यक्ष अन्तरक्रिया तथा सामूहिक छलफल,
- बाढी प्रभावित जिल्लाहरुका सरोकारवालाहरु (सम्बन्धित क्षेत्रका माननीय सदस्य, प्रदेश सभा सदस्य एवं पूर्व सांसदहरु, स्थानीय जनप्रतिनिधिहरु, सरकारी एवं सुरक्षा निकायहरु र प्रभावित स्थानीय वासिन्दाहरु) सँग प्रत्यक्ष रुपमा छलफल ।

१.४ अध्ययन सीमाः

मिति २०७६ असार अन्तिम साता र त्यसपछि परेको अविरल वर्षाको कारण आएको, बाढी र डुवान प्रभावित काठमाडौं, भक्तपुर र ललितपुर तथा तराईका विभिन्न जिल्लाहरु मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा र पर्सामा संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिका माननीयज्यूहरु तथा संघीय संसद सचिवालयका कर्मचारीहरु सहित सम्बन्धित सरोकारवालाहरु सहभागी भई प्रत्येक जिल्लाको दुई वा तीन स्थान र सम्भव भएसम्म अन्य थप स्थानको समेत स्थलगत अनुगमन गर्ने सीमा रहेको थियो। ती जिल्लाहरुमा बाढी, पहिरो तथा डुवानका कारणहरु के-के हुन्, त्यसले के कति जनधनको क्षति पुऱ्यायो, प्रभावित मानिसहरुलाई उद्धार, राहत तथा पुनःस्थापनाका लागि के–कस्ता र के–कसरी कामहरु भइरहेका छन्, आगामी दिनहरुमा वर्षा, वाढी तथा डुवानबाट हुने क्षतिलाई कसरी न्यूनिकरण गर्न सकिन्छ भनी यही मिति २०७६ साउन पहिलो हप्तामा ती प्रभावित जिल्लाहरुमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने समयसीमा तोकिएको थियो । उक्त स्थलगत अनुगमन तथा निरीक्षणको क्रममा प्रदेश सांसदहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी लगायत सरकारी निकायका कर्मचारीहरु, सञ्चार माध्यम, स्थानीय सरोकारबाला, वाढी, पहिरो तथा डुवान प्रभावित

जनताहरु सँगको भेटघाट, छलफल तथा अन्तरक्रियाबाट जानकारी लिइएको र सोही प्राप्त तथ्यांकको आधारमा प्रतिवेदन तयार पारिएको छ ।

निर्धारीत छोटो समयका कारण बाढी र डुबानबाट प्रभावित सबै क्षेत्रको स्थलगत अनुगमन निरीक्षण गर्न तथा सबै पीडित र सरकोकारवालाहरुसँग भेटघाट गरी थप जानकारी लिन सकिएको छैन । त्यसै गरी बाढी र डुबानबाट क्षति भएको जग्गा जमिन, खेतीपाती तथा पशुपंक्षी सम्बन्धी क्षतिको पूर्ण विवरण समेत यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

१.५ प्रतिवेदन संरचनाः

यस प्रतिवेदनलाई तीन अध्यायमा विभाजन गरिएको छ । पहिलो भागमा परिचय, दोस्रो अध्यायमा स्थलगत अनुगमन गरिएका स्थान र जिल्लागत क्षतिको विवरण र तेस्रो अध्यायमा निष्कर्ष तथा सुझाव समेटिएको छ भने अनुसूचीमा विभिन्न स्थानमा भएका स्थलगत अनुगमनका केही झलकहरु समावेश गरिएको छ ।

अध्याय-२

२.१ स्थलगत अनुगमन गरिएका स्थान र जिल्लागत क्षतिको विवरण :

बाढी प्रभावित विभिन्न जिल्लाहरुमा समितिको अनुगमन टोलीबाट करिब एक हप्तासम्म गरिएको स्थलगत अनुगमनका क्रममा बढी प्रभावित क्षेत्रहरुको स्थलगत अवलोकनमा जानुपूर्व र जानु पश्चात् अनुगमन टोलीले बाढीबाट प्रभावित स्थानीय बासिन्दाहरु, स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी निकायहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्यहरु, वर्तमान तथा पुर्व सांसदहरुसँग बाढीले पुऱ्याएको जनधनको क्षति, उद्धार कार्य, घाइतेको औषधि उपचार तथा राहत वितरणका सम्बन्धमा जानकारी लिनुका साथै दीर्घकालिन समस्या समाधानका विषयमा छलफल गरेको थियो । सोही क्रममा अनुगमन टोलीलाई प्राप्त हुन आएका तथ्याङ्कीय विवरणहरु निम्नानुसार रहेका छन्:-

२.१.१ काठमाडौं उपत्यका

(क) भक्तपुर जिल्ला (२०७६/०४/०२ गते)

भक्तपुर जिल्लाको सल्लाघारी, राधेराधे, हनुमन्ते खोला, सूर्यविनायक, भाजुपोखरी, चाँगुनारायण मन्दिर परिसर लगायतका बाढी प्रभावित क्षेत्रमा गरिएको स्थलगत अनुगमनका क्रममा अनुगमन टोलीलाई प्राप्त हुन आएको क्षतिको विवरण निम्नानुसार छः-

बाढीबाट भएको क्षतिको विवरण

- भक्तपुर नगरपालिका वडा नं. १ स्थित करिब ८०० वर्ष अघि निर्मित भाज्या पोखरीको उत्तरतर्फको करिब ५० फिट र पश्चिमतर्फ करिब १० फिट भत्केको,
- भक्तपुर नगरपालिका वडा नं. ३ बाराही स्थान भैल इयुदेखि इवामुरा अस्पतालसम्म खोलाको दायाँबायाँ जग्गामा लगाइ राखेको धान र तरकारी बाली करिब १०० रोपनी पुरिएको,
- भक्तपुर नगरपालिका वडा नं. ३ स्थित बाराहीस्थानमा माटोले पुरिएको ठाउँमा नगरपालिकाले माटो पन्छाइ सफा गरेको, भनपा वडा नं. ३ कोलाछेंमा अविरल वर्षाको कारण ६ घर भत्किएको,

- भक्तपुर नगरपालिका वडा नं. ४ स्थित राम मन्दिर परिसरमा खोला पसी निर्माणाधिन भवनमा क्षति पुऱ्याएको,
- भक्तपुर नगरपालिका वडा नं. ८ स्थित १ घर भत्केको,
- असंगाल टोलदेखि हनुमन्ते खोलासम्म करिब ३०० मिटर ग्राबिल बगाएको,
- भक्तपुर नगरपालिका वडा नं. ७ हनुमानघाटमा निर्माणाधिन घाट पुरिएको,
- सृजना नगर क्षेत्रमा घरभित्र पानी पसेको,
- खासाङ्खुसुङ् खोलामा खुपाङ्गा र न्हालेमा चाँगुनारायण नपातर्फ खोलाको बगर कटान गरी धान बाली नष्ट भएको,
- वन्ती खोला र हनुमन्ते खोलाको बाढी पसेर करिब ५०० रोपनी बराबरको धान बाली नष्ट भएको,
- महाकाली पीठ ढुंगेधारा पूर्वतर्फ करिब १५ मिटर जति पर्खाल भत्केको,
- मंगलतिर्थमा पुरातात्विक सम्पदाहरु पुरेको र बाढीले बगाएको काठजन्य वस्तुलगायतका वस्तुहरु बाराही पुलमा अड्किएर पुललाई नै क्षति पुऱ्याएको र मंगलतिर्थको दक्षिणतर्फ धान बाली नष्ट भएको,
- लिबाली आवास क्षेत्र पूर्वतर्फ खोलाले धार परिवर्तन गरी आवास क्षेत्रतर्फ कटान गरेको,
- सूर्यविनायक न.पा.-३ बालकोटमा व्यक्तिको जग्गामा हनुमन्तेको बाढी पसी बाली नष्ट गरेको,
- मध्यपुर ठिमी न.पा. ठिमीमा व्यक्तिको जग्गामा हनुमन्तेको बाढीले बाली नष्ट गरेको,
- चाँगुनारायण मन्दिर परिसरको गामढोका तर्फ पहिरो गएको र सो को कारण मनोहरा खोलामा अवैधानिक रुपमा बालुवा उत्खनन भएको ।

बाढी आउनुका कारणहरुः

- भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी स्थित हनुमन्ते खोलामा पक्की पुलको तल खोलाको सतहभन्दा माथि ढलान गरेको कारण खोलाको बहाव (बग्नेगति) अवरुद्ध हुन गई माटो, ढुङ्गा, बालुवा थिग्रिएर खोलाको सतह माथि आएको,
- भक्तपुर नगरपालिका वडा नं. १ को मध्यपुरसँग सिमाना जोडिएको राधेराधे पुलको तल जमिनको सतह माथि आउने ढुंगा र कंक्रिट बिछ्याइएको कारण खोलाको सतह माथि उठेको,
- हनुमन्ते लगायतका खोलाहरुको क्षेत्रलाई संकुचित (मिचेर घर जग्गा निर्माण) गरिएको,
- भक्तपुरको मध्यपुर ठिमी तथा बोडेबाट काठमाडौंको जोरपाटी जोड्ने पूर्व र पश्चिम खोला अतिक्रमण गरी जग्गा प्लटिङ्ग गरिएकोले सो क्षेत्र डुबानमा परेको,
- चाँगुनारायण नगरपालिकाको चाँगुनारायण मन्दिर रहेको थुम्को वरिपरि मनोहरा खोला र व्यक्तिको जग्गामा जथाभावी बालुवा उत्खनन् गरिएकोले थुम्कोको पश्चिम गामढोकामा पहिरो गएको । तत्कालिन समाधानका लागि पहिरो गएको क्षेत्रमा ग्याविङ्ग वाल उठाउनु पर्ने र दीर्घकालिन समाधानका लागि विश्व सम्पदा सूचीमा रहेको चाँगुनारायण मन्दिरको थुम्को संरक्षण गर्न नापी नक्सा अनुसार मनोहरा खोला सिमांकन गरी संरक्षण गर्नुपर्ने र जथाभावी र अनियन्त्रित बालुवा उत्खननको कार्यलाई अबिलम्ब रोक्नु पर्ने ।

(ख) काठमाडौं जिल्ला (२०७६/०४/०३ गते)

काठमाडौं जिल्लाको १० वटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी प्रभावित निर्वाचन क्षेत्र नं. ९ को कुलेश्वर, कलंकी तथा चन्द्रागिरी नगरपालिकाका विभिन्न स्थानहरुका बाढी प्रभावित क्षेत्रमा गरिएको स्थलगत अनुगमनबाट अनुगमन टोलीलाई प्राप्त हुन आएको क्षतिको विवरण निम्नानुसार छः-

काठमाडौं महानगरपालिका वडा नं. १४, कुलेश्वर

ओरियन्टल कोलोनी आवास व्यवस्थापन समाज परिसरमा भएको प्राप्त क्षति/नोक्सानीको विवरण:

- कोलोनीको खोलापट्टी रहेको पर्खाल पूर्ण रुपमा नष्ट भएको,
- कोलोनीको ७ वटा ब्लकको १२७ वटा फ्ल्याटमध्ये भुई तल्लामा डुवान परी २२ वटा फ्ल्याटको सम्पूर्ण भौतिक सामग्री नष्ट भई करिव १ कारोड ५४ लाख रुपैया बराबरको क्षति भएको,
- कोलोनीमा विद्युत सप्लाई पूर्ण रुपमा अवरुद्ध भएको,
- कोलोनीमा खानेपानीको समस्या आएको,
- कोलोनीको कम्पाउण्डमा हिलो जमेको र वातावरण दुर्गन्धित भएको,
- कोलोनी भित्रका ६ वटा चारपाङ्ग्रे र २२ वटा दुई पाङ्ग्रे सवारी साधनमा क्षति पुगेको,

कुलेश्वर अपार्टमेन्ट सोसाइटिको परिसरमा भएको प्राप्त क्षति/नोक्सानीको विवरण

- १७ फ्ल्याटको करिब ७ लाख बरावरको नेक्सानी भएको,
- ४ पाङ्ग्रे सवारी साधनहरुमध्ये ४ वटामा क्षति पुगेको,
- २ पाङ्ग्रे सवारी साधनहरुमध्ये ३५ वटामा क्षति पुगेको,
- जम्मा गाडी तथा मोटरसाइकलमा करिब रु ३५ लाख बरावरको क्षति भएको,
- बल्खु खोलामा आएको बाढीले बगाएर विनोद चौधरी वेपत्ता भएको ।

काठमाडौं महानगरपालिका वडा नं. १४, कुलेश्वर मेट्रो प्लाजा

मेट्रो संयुक्त आवास समाज परिसरमा भएको प्राप्त क्षति/नोक्सानीको विवरणः-

- पेनलबोर्ड सम्पूर्ण- रु. २५,००,०००.०० (मिटर ५८ वटा समेत),
- जेनेरेटर १०० के भि - रु. ३५,००,०००.००,

- जेनेरेटर ३६ के भि - रु. २०,००,०००.००,
- लिफ्ट (Lift-4 nos)- रु. ८०,००,०००.००,
- पानी तान्ने मेसिन (४ वटा)- रु. ५,००,०००.००,
- बिद्युतको सिटी मिटर- रु. ५०,०००.००,
- सि.सि. टी.भि., इन्टकम- रु. २,००,०००.००,

जम्मा रु. १,६७,५०,०००.०० (अक्षरेपी एक करोड सत्सठ्ठी लाख पचास हजार मात्र) ।

काठमाडौं महानगरपालिका वडा नं. १४, कलंकी

शान्तिनगर सामुदायिक विकास समाज परिसरमा भएको क्षति/नोक्सानीको विवरणः

- मालपोत कार्यालय नजिकैबाट कीर्तिपुर तर्फ पैदल यात्रुका लागि बनाइएको काठे पुल बगाउनुको साथै ट्राफिक प्रहरी र नेपाल प्रहरीको कार्यालय डुबानमा परेको,
- ढलमा हिलो पसेको कारण ढल जाम भएको,
- जनपथ मा.वि. मा खोला पसेका कारण करिब रु ३ लाख ३४ हजार बरावरको क्षति भएको,
- अखण्ड विद्या सदनमा खोला पसेका कारण करिव रु ४२ लाख ५१ हजार वरावरको क्षति भएको,
- किरिया पुत्री भवनमा खोला पसेका कारण करिव रु ३ लाख ७५ हजार बरावरको क्षति भएको,
- अन्य नागरिकहरुको करिब रु २ करोड ७१ लाख २८ हजार गरी कुल ३ करोड १७ लाख ५४ हजार बरावरको क्षति भएको,
- श्रीकृष्ण ग्याँस डिपोबाट करिब ८० वटा ग्याँस सिलिन्डर बगाएको आदि ।

चन्द्रागिरी नगरपालिकामा भएको क्षतिको विवरणः

बाढीबाट भएको क्षति विवरणः

- चन्द्रागिरी नगरपालिका वडा नं. १ अवस्थित मनमोहन मेमोरियल हस्पिटल क्षेत्र नजिक खोलाको तीरमा बनाइएको करिब ७० मिटर रिटेनिङ्ग वाल बाढीले भत्काई खोला फर्किएको अवस्था र यसले किसानको बाली नष्ट गरेको साथै यस क्षेत्रमा ठाउँ ठाउँमा क्षति पुऱ्याएको,
- दहचोक बलम्बू जोड्ने पुलको क्षतिसँगै किसानको बाली नष्ट भएको,
- ईन्द्रमति खोलाको सहायक खोलाको बाढीले पनि बलम्बु दहचोक मार्गको खण्डमा १०० मिटर क्षति भएकोले तत्काल निर्माण गर्नुपर्ने । यस खोलामा आएको बाढीले किसानको बाली नष्ट भएको,
- इन्द्रमति खोलामा आउने बाढीले त्यसको दायाँबायाँ बस्ती तथा किसानको बालीमा नोक्सान पुऱ्याउने भएकोले नागढुङ्गा सुरुङ्ग मार्गदिखि बल्खुसम्म खोलाको किनारमा करिडोर निर्माणका लागि आवश्यक डिपिआर (DPR) निर्माण गरी करिडोर निर्माणको लागि स्थानीय प्रतिनिधिहरुबाट ध्यानकर्षण भएको,
- चन्द्रागिरी नगरपालिका वडा नं. १५ तीनथाना दलित वस्तीमा बलम्बु खोलाले ठूलो क्षति गरेको ।

बाढी आउनुका मुख्य कारणहरुः

- बल्खु खोला क्षेत्र अतिक्रमण गरी घरहरु लगायत भौतिक संरचनाहरु निर्माण गरिएको,
- बल्खु नदीको बहाव क्षेत्र स्पष्ट नतोकिनु,
- भाटभटेनी सुपरमार्केटले बल्खु खोलालाई छेकी पर्खाल निर्माण गरी खोलाको बहावलाई मोड्नु र अतिक्रमण गरिनु,
- कलंकी-बल्खु क्षेत्रको खोलाको पुलमुनि नदी अतिक्रमण गरी पक्की ढलान गरी पार्किङ्ग क्षेत्र बनाइनु,

- खोलामाथि भौतिक संरचनाको भग्नावशेष त्यत्तिकै छाडिनु, फोहोरमैला आदि फालिनु, जसको कारण खोलामा पानीको सतह माथि आउनु तथा बाढी वस्ती भित्र पस्नु ।

(ग) ललितपुर जिल्ला

ललितपुर जिल्लाको माहांकाल गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र वाग्मती गाउँपालिका अत्याधिक रुपमा क्षति भएका क्षेत्रहरु हुन । यद्यपि गोदावरी नगरपालिका र ललितपुर महानगरपालिका तथा महालक्ष्मी नगरपालिका पनि प्रभावित रहेका छनः-

वाढी पहिरोले गरेको क्षतिको विवरणः

असार अन्तिम साता आएको भिषण वर्षासँगै गएको बाढी पहिरोको कारणले ललितपुर महांकाल गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र बागमति गाउँपालिका तथा गोदावरी नगरपालिकाका विभिन्न क्षेत्रमा घर, गोठ तथा खेतीपातीमा ठूलो क्षति भई ६ जना मानिसको मृत्यु हुनुका साथै केही मानिसहरु विस्थापित समेत भएका छन् ।

पशुपक्षिको क्षतिः ललितपुर जिल्लामा गाई, भैंसी, वाखा, कुखुरा लगायत थुप्रै पशुपक्षीमा ठूलो मात्रामा क्षति पुगेको थियो ।

बालीनालीमा भएको क्षतिः करिब १०८ घर परिवारको बालीनाली नष्ट भएको ।

सडक तथा पूर्वाधारको क्षतिः लेले चन्दनपुर सडक, कान्ति लोकपथमा विभिन्न ठाउँमा भत्किएर क्षति भएको, मध्यमार्ग र अन्य गाउँ पालिका जोड्ने विभिन्न ठाउँमा पहिरोले अवरुद्ध भएको, करोडौंको क्षति भएको देखिन्छ। वगुवा शसिवा भन्ज्यांग जाने सडक आश्राङ्ग स्थित लुकेनी वेसीको २०० मिटर वेस सहितको सडक वागमती नदीले बगाएर पूरै आवागमन अवरुद्ध भएको छ ।

विद्यालय क्षतिः ललितपुर जल्लाभित्रका ४ वटा विद्यालयहरु क्षतिग्रस्त भएको, गोदावरी नगरपालिका वडा नं. ६ सिखर्पा स्थित सरस्वती आधारभूत विद्यालय पुरै क्षति भई विद्यालय पाल र भाडामा सञ्चालन गर्नु पर्ने अवस्थामा रहेको छ ।

बाढी आउनुको मुख्य कारणहरुः

कमजोर धरातल र पहाडमा डोजर प्रयोग गरी निर्माण गरिएका धुले सडक र अव्यवस्थित विकास निर्माणका कार्यहरु नै यस जिल्लाका बाढी पहिरो आउने मुख्य कारणहरु हुन् ।

समस्या समाधानका उपायहरुः

- एकीकृत वस्तीको विकास गरी पहाडका अग्ला ठाउँ तथा प्रतिकूल भूगोलमा भएका अव्यवस्थित घर वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी पहाडमा कृषि, पशुपालन वा फलफूल र वनजन्य जडिबुटी खेती प्रवर्द्धन गर्दै जाने रणनीति र कार्यक्रम बजेट सहित अघि बढ्ने गरी स्थानीय, प्रदेश र संघीय सरकारले पहल गर्नुपर्ने,
- क्षति न्यूनिकरणको लागि पूर्व तयारी गर्ने,
- जनचेतना अभिवृद्धि गराउने,
- विद्यालय शिक्षामा विपद् पूर्व तयारी सम्बन्धी कार्यक्रम समावेश गर्नुपर्ने,
- विपद्को सामना गर्न पूर्व सूचना प्राप्त गर्ने प्रविधिको व्यवस्था गर्नुपर्ने साथै विश्वमा विकास भएका प्रविधिहरु भित्र्याइ उपयोग गर्ने,
- पुनःनिर्माणमा विशेष पहल गरी क्षतिग्रस्त भएका कान्ति लोकपथ, लेले-चन्दनपुर सडक लगायत अन्य शाखा सडकहरु मर्मत एवं पुनिनर्माण गर्ने,
- बाढीबाट विस्थापित नागरिकहरुलाई पुनःस्थापित गर्न सम्बन्धित निकायबाट आवश्यक व्यवस्था मिलाउनुपर्ने,
- बाढीबाट क्षति पुगेका पशुपंक्षी तथा खेतीपातीहरुको सबै तहको सरकारले उचित राहतको व्यवस्था गर्नुपर्ने ।

२.१.२ जनकपुर पूर्वका बाढी प्रभावित जिल्लाहरुमा भएको क्षतिको विवरण (२०७६/०४/०४ गते देखि २०७६/०४/०६ गते सम्म):-

क) सिराहा जिल्ला

सिराहा जिल्लाका कल्याणपुर, सारश्वर, कमला नदी लगायतका ठाऊँहरुको स्थलगत निरीक्षण गरिएको थियो । अनुगमनका क्रममा उक्त स्थानहरुमा भएको क्षतिको विवरण निम्नानुसार पाइयोः-

कल्याणपुर न.पा.: कमला नदीमा आएको बाढीले कल्याणपुर वडा नं. ३ टोल इटारी, पर्साही डुबानमा परेको जसले गर्दा त्यहाँ अवस्थित ८०० घरपरिवार विस्थापित भएको भनी स्थानीयले जानकारी उपलब्ध गराए।

सिराहा न.पा. वडा नं. १२, सारश्वरः वडा नं. १२ डुबानमा परेको। यसलाई कमला नदी तथा घुर्मी नदीले छेकेकोले गर्दा थप क्षति भएको देखिन्छ । स्थानीय सलिम लहरीको घर पूरै डुबानमा रहेको तथा सोही स्थानका करिब ११२ घरधूरी विस्थापित भई स्थानीय विद्यालयमा बस्दै आएको पाइयो ।

कमला नदीः सिराहा जिल्लामा कमला नदीको कटान तथा यसबाट बाढी आउँदा आसपासका क्षेत्रहरु डुबानमा पर्ने गरेकाले यसलाई तत्काल रुपमा व्यवस्थित गर्नुपर्ने स्थानीयको भनाई रहेको । आसपासका क्षेत्रमा बनाइएका बाँधहरु समेत जिर्ण अवस्थामा पुगेकाले फेरी वर्षा शुरु हुनासाथ कुनैपनि बेला आसपासका स्थानमा ठूलो मानवीय क्षति हुने सम्भावना रहेको पाइयो।

सिराहा जिल्लाका प्रमुख जिल्ला अधिकारी गोपाल प्रसाद अधिकारीको ब्रिफिङ्गः

- प्रारम्भिक तथ्यांकको आधारमा दामाशाही रुपले प्रभावित सबै स्थानीय तहलाई वितरण भएको,
- राहत सामग्री प्राप्त भई जि.वि.व्य.स.मा राखिएको,
- जिल्लाभरीमा जम्मा ६०० हेक्टरमा लगाएको धान बाली बर्षात एवं बाढीको कारण नष्ट भई अनुमानित ९० लाख बराबरको क्षति भएको,
- जिल्लाका विभिन्न ६ वटा सडक खण्ड तत्काल मर्मत गर्न रु. ३ करोड ९९ लाख आवश्यक पर्ने ,
- हालसम्म संकलित तथ्यांक अनुसार यस जिल्ला अन्तर्गत सामुदायिक वनहरु बाढी एवं बर्षातको कारण कटान भई करिव १५।५ (साढे पन्ध्र) हेक्टर सामुदायिक वन कटान भएको जसको अनुमानित क्षतिको मूल्य ६० लाख रहेको । कर्मचारीहरुबाट अन्य सामुदायिक वनहरुको निरिक्षण कार्य जारी रहेको,
- जिल्लाभरीमा ८ जनाको मृत्यु भएको ,
- कमला नदीको बाँधमा ध्यान केन्द्रित नहुँदा अन्यत्र समस्या भएको,
- स्थानीय स्तरमा स्वयं सेवाको भावना ज्यादै कमी रहेको,
- १७ वटा स्थानीय तह प्रभावित भएको ,
- हुलाकी राजमार्गका विभिन्न स्थानहरुमा तत्काल मर्मत गरिनु पर्ने,

- कमला नदीको बाँध ३ ठाउँमा भत्किएर वस्तीहरुमा पसेको ।

ख) उदयपुर जिल्ला

उदयपुर जिल्लाका रौतामाई-७ मुर्कुची, नेपालटार, दनहरी बेंसी, चौदण्डी नगरपालिका जस्ता स्थानहरुको स्थलगत निरीक्षण गरिएको थियो । फत्तेपुर क्षेत्रमा त्रियुगा नदीमा बनेको बाँध करिब ५०० मीटर बगाएको कारण विभिन्न गाउँहरु पूरै जोखिममा परेको । कोशी बाँधको उत्तर तर्फ चतरासम्म नदी फुलेर त्रियुगा नदी समेत फुल्न गई दुवै तर्फ गाउँहरु र खेत हजारौं विघा डुबानमा पर्ने गरेको । ती स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

रौतामाई-७, मुर्कुची : यस स्थानको स्थलगत निरीक्षण गर्दा छौंडिया खोलाको कटान मुख्य समस्याको रुपमा रहेको र उक्त खोलाले आमा छोरालाई बगाउँदा आमा गम्भीर रुपमा घाइते भई छोराको मृत्यु भएको । ५० घरधूरी रहेको उक्त खोला किनारका वस्तीमा १ घर बगाई विस्थापित भएको स्थानीयले जानकारी दिएको ।

दनहरीबेंसीः दनहरीबेंसीको वडा नं. ६ मा वैजनाथ खोलाले ५ वटा घर बगाएको र सोही आसपासमा वडा नं. १, २, ५ मा जग्गा कटान गरेको, स्थानीय भगवती देवी बरालको जग्गा खोलाले बगाउँदा बगरमा परिणत भएको ।

चौदण्डी नगरपालिकाः त्रियुगा नदी डुबानको मुख्य समस्याको रुपमा रहेको २१५ घरधूरी उक्त स्थानमा डुबानमा रहेको, बेली त्रियुगा जस्ता नदी डुबानका मुख्य समस्याका रुपमा रहेका ।

नेपालटार क्षेत्रमा मदन भण्डारी लोकमार्गमा निर्माणाधिन पुलमुनि थुपारिएको रोडा, बालुवाले गर्दा र बैजनाथ खोलाको तल्लो तटमा तिनटाटनेमा पहिरो जाँदा खोला थुनिन गएको समेतका कारण नदीको बहाव रोकिएर नदी किनारबाट बगेर गाउँमा पसी खेत बालुवाले पुरिएको तथा गाउँ कटान गरेकोले जोखिममा परेको ।

उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी ध्रुव बहादुर खड्काको ब्रिफिङ्गः

- पीडित र विस्थापितहरुलाई तत्काल खाद्यान्न र बासस्थानको व्यवस्था सम्बन्धित स्थानीय तहहरुबाट भएको,
- रेडक्रसबाट त्रिपाल, भाँडाकुँडा, कम्बल, लगाउने कपडा सहितको सेट, वल्ड भिजनको सहयोगमा एकिकृत जाल्पा युवा समूह मार्फत ७ दिनको लागि पुग्ने खाद्यान्न र ओरेक नेपालबाट म्ष्नलष्तथ प्ष्त उपलब्ध गराईएको,

- मिति २०७६/०३/२६ देखि परेको अविरल वर्षा, बाढी, पहिरोको कारण जिल्ला भित्र भएका क्षतीको विवरण सम्बन्धित स्थानीय तह र प्रहरी मार्फत संकलन गर्ने ।
- बाढी पहिरोमा परी विपदमा रहेका पीडितको तत्काल उद्धार गर्न सबै सुरक्षा निकाय परिचालित हुने,
- राहत वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न जिल्ला विपद व्यवस्थापन समिति मार्फत स्थानीय तहको रोहवरमा राहत वितरण गर्ने र त्यसको अभिलेखिकरण गर्ने,
- रेडक्रस लगायत विपदको क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाहरुलाई विपदमा आवश्यक सहयोग गर्न अनुरोध गर्ने,
- तीनवटा स्थानीय तहलाई तत्कालको लागि २० थानका दरले तारजाली उपलब्ध गराउने ।
- खोला खहरेको बाँध फुटी गाउँबस्तीमा प्रवेश गर्ने अवस्था देखिएका स्थानहरुमा सुरक्षाकर्मी परिचालन गरी तत्काल रोकथाम गर्ने ।

ग) सप्तरी जिल्ला

सप्तरी जिल्लाको हनुमाननगर न.पा. तथा कोशी नदी आसपासका सप्तरी जिल्लाका विभिन्न क्षेत्रहरुको स्थलगत निरीक्षण गरिएको थियो । यी स्थान विशेषको अवस्थाको सम्बन्धमा निम्न अनुसारको समस्या रहेको पाइयो।

हनुमाननगर न.पा.: सप्तरी जिल्लाको हनुमाननगरको विभिन्न क्षेत्रको अवलोकन गर्दा बाढी प्रभावित क्षेत्रहरुमा २१५ घर डुबानमा रहेको भनी स्थानीयले जानकारी दिएको ।कोशी नदीको प्रभाव मुख्य रुपमा रहेको रणनीतिक रुपले पश्चिम पट्टिको मात्र ढोका खोल्ने गरेको स्थानीयको भनाई थियो । बिहुल नदी, महुली नदी, खाँडो नदीको तटबन्धमा समेत क्षति पुऱ्याएको पाइयो ।

तिलाठी कोहलाडी गा.पा. मा खाँडो नदीले वर्षेनी नेपाल तर्फका गाउँहरु डुबानबाट पर्ने गरेको, नेपाल-भारत सीमा क्षेत्रमा बग्ने उक्त नदीमा बनेको बाँध उपभोक्ता समितिले बनाउने गरेको र गुणस्तर कमजोर हुने गरेको जनताको र प्रमुख जिल्ला अधिकारी समेतको गुनासो रहेको । भारततर्फ सीमानामा बनेको बाँधले गर्दा खोला नेपाल तर्फ पस्ने गरेकोले दुवैतर्फका जनता बीचमा वर्षेनी विवाद हुने गरेको पाइयो ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको ब्रिफिङ्गः

- स्थानीय तहबाट बाढी डुवानबाट अति प्रभावितलाई भुजा, चिउरा, चाउचाउ, नुन, पानी, चिउराको व्यवस्था गरेको,
- २१०० थान त्रिपाल र २० क्विन्टल चामलको व्यवस्था गरेको,
- औषधि उपकरण सहितको चिकित्सकको RRT टिमको व्यवस्था भएक,
- सप्तकोशी न.पा., हनुमाननगर न.पा. का अस्थायी आश्रय लिएको ठाउँमा उपचारको व्यवस्था भएको,
- व्यापक प्रचार प्रसार गरिएको,
- स्थानीय विपद् व्यवस्थापन समितिको सक्रियता बढाइएको,
- सुरक्षा निकायमा तत्काल खोज तथा उद्दार समाग्री सहितको Quick Response Team तैयारी हालतमा राखिएको,
- तल्लो तटीय क्षेत्रमा पानी जमेको कारण विभिन्न समस्याहरु सिर्जना भएको,
- बलान नदी (चकदह, प्रमाणपुर, मौवा, बेल्ही) तथा खड्क नदी (नेग्रा, जाजर, फुलकाही, श्रीपुर) जस्ता नदीको कटान तथा डुबानले गर्दा हुने क्षति तत्काल न्यूनिकरण गर्नुपर्ने ।

घ) सुनसरी जिल्ला

सुनसरी जिल्लाको कोशी ब्यारेजको स्थलगत निरीक्षण गरिएको थियो ।कोशी ब्यारेजको पूर्वतिरको ढोका जहाँ नजिकै भारतीय भूमी रहेको छ, त्यहाँ बन्द भएको साथै नदीको पश्चिमतिर जम्मा भएको माटो पूर्वतिर ल्याई थुपार्ने कार्य भएको जसले गर्दा पश्चिम साइड सधै डुबानमा पर्दै आइरहेको समस्या देखिन्छ । यी स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसार समस्या रहेको पाइयोः-

कोशी ब्यारेजः कोशी ब्यारेजको अवलोकन गर्दा ब्यारेजका सम्पूर्ण ढोकाहरुको कन्ट्रोल भारतीयको हातमा रहेको पाइयो । ब्यारेजका ५६ ढोकामध्ये २२ वटा ढोका मात्र खोलिएको देखियो । प्रायः पश्चिम तर्फका ढोकाहरु बढी खुल्ने गर्दा र नदी भित्रको बुलवा निकालेर पूर्व तर्फ नै Piolet Channel मा थुपार्ने गरेको कारण कोशी नदीले पश्चिम तर्फ नेपालको जमिन बढी कटान र डुबान हुने गरेको हुने गरेको देखियो । कोशी बाँधमा जनशक्ति परिचालन लगायत कोशी सम्झौताका शर्तहरु अक्षरशः लागू हुनुपर्ने जनताको माग रहेको छ । साथै कोशी पुलको अवस्था समेत म्याद गुज्रिसकेकोले गर्दा कुनैपनि बेला बाढीले पुल क्षति भई आवगमन समेत बन्द हुने स्थिति रहेको

त्यहाँका स्थानीयले जानकारी दिएको । साथै स्थानीय बासीले उक्त ढोकाको कन्ट्रोल नेपालीले नै गर्न पाउनु पर्ने जोडदार माग राखेको पाइयो ।

कोशी बाँधको दक्षिण तर्फको पश्चिम किनारको तटबन्ध भित्र पर्ने हजारौं विघा जमीनको किसानहरुले बालीको वार्षिक सम्झौता अनुरुप क्षतिपूर्ति नपाएको जनताको गुनासो रहेको ।

सुनसरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जिवी गिरीको ब्रिफिङ्गः

- वडा स्तरसम्म विपद् व्यवस्थापन समिति बनेको,
- विपद् योजना तयार गरी लागू गरिएको,
- कटान र डुबानको समस्या रहेको,
- कोशी फुट्छ कि भन्ने चिन्ता रहेको,
- जिल्लाभर २ जना मृतक र २ घाइते रहेका,
- ९ वटा घरमा पूर्ण क्षति भएको,
- सप्तकोशी नदी, कोकाहा नदी, सुनसरी खोला, बुढी खोला, सेउती खोला, सर्दु खोला, खेती खोला, टेग्रा खोला, पटनाउली खोला र गडन खोलामा अविरल बर्षाका कारण आएको बाढीका कारण नदी, खोला किनाराहरुमा कटानको समस्या रहेको, जसका कारण खेतीयोग्य जमिन र खेतीबाली नष्ट भएको, र बढी मात्रामा बाढी प्रभावित क्षेत्रको रुपमा हरिनगर गाउँपालिका, गढी गाउँपालिका कोशी गाउँपालिका, इटहरी र इनरुवाका वडाहरु, दुहबी रहेका,
- सुनसरी जिल्ला भई बग्ने नदीहरुका भत्केका बाँधहरुलाई तत्काल मर्मत गरी आगामी दिनमा सबै खोलामा स्थायी पक्की बाँध बनाउनु पर्ने,
- सोनाली टोल, जनता वस्ती, डुम टोल, मसहरी टोल, गणेशपुर, पाचकौटी, बसन्तपुर, छाताबेली, पुर्वीकुशाहा, भुटाहा, बस्न्तपुर, मोतीटप्पु, जटवारा, शुक्रबारे हाट, छप्की, टपरा टोल, डिट्ठा टोल, फारम टोल, गढी टोल, कोशी ब्यारेज स्थानहरु बाढीबाट प्रभावित रहेका ।

ङ) मोरङ्ग जिल्ला

मोरङ्ग जिल्लामा असार अन्तिम साता परेको अविरल वर्षाका कारणले जिल्लाको केही स्थान डुबानमा परेको थियो । साथै वर्तमान समयमा पानी रोकिएकाले उक्त स्थानमा डुबानको समस्या नरहेको भन्ने जानकारी प्राप्त भएकाले जिल्लाको समग्र वस्तुस्थिति बारे प्रमुख जिल्ला अधिकारीको ब्रिफिङ्ग यस प्रकार रहेको पाइयोः-

मोरङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी रमेश के.सी. को ब्रिफिङ्गः

- प्रभावित पार्ने मुख्य खोलाहरुमा (सिंघिया र केशलिया, लोहोन्द्रा, बुढीखोला र खदमखोला, बक्राहा) आदि,

- प्रभावित मुख्य स्थानहरु (बिराटनगर, जहदा, कटहरी, धनपालथान, बुढीगंगा, ग्रामथान, सुनवर्षी, कानेपोखरी, रतुवामाई, बेलबारी इत्यादी)

- **राहतको विवरण**

    - स्थानीय तहः खाद्यान्न, त्रिपाल, अन्य
    - जिल्ला विपद् व्यवस्थापन समितिः त्रिपाल
    - आन्तरिक मामिला तथा कानून मन्त्रालयः त्रिपाल
    - गैर सरकारी संस्था

- प्रमुख जिल्ला अधिकारी ज्यू सहित यस जिल्लाका माननीय सांसदज्यूहरु समेतको टोली बनाई यस जिल्लाका बिराटनगर म.न.पा., जहदा गा.पा., कटहरी गा.पा. र धनपालथान गा.पा., बुढीगंगा गा.पा.का बाढी तथा डुबान क्षेत्रको निरिक्षण तथा अवलोकन गरिएको,

- आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा बिराटनगर म.न.पा.को स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा जिल्ला प्रशासन कार्यालय, मोरङ्गको तर्फबाट प्रमुख जिल्ला अधिकारीज्यू तथा अन्य अधिकृत कर्मचारी उपस्थित भई मौसम पूर्वानुमान तथा विपद् पछि गरिने प्रतिकार्यको Standard Operation Procedure को बारेमा जानकारी गराईएको,

- जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशानुसार प्रमुख रुपमा सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा नेपाली सेनाद्वारा रबर बोट समेतको प्रयोग गरि कटहरी गा.पा.मा लोहोन्द्रा खोलाबाट प्रभावितलाई उद्धार गरिएको साथै बुढीगंगा गा.पा.मा खदम खोलाबाट हुनसक्ने थप जोखिम न्यूनीकरण गर्न अस्थायी बाँध निर्माण गरिएको र बिराटनगर म.न.पा. वडा नं. ६ र १२ मा प्रभावितलाई उद्धार गरिएको,

- जिल्ला विपद् व्यवस्थापन समितिद्वारा स्थानीय तहका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा विपद् फोकल पर्सनलाई सम्पर्क गरि एवं DEOC, स्थानीय प्रहरी युनिट, संघ-संस्था मार्फत् बाढी, डुबान तथा राहत सम्बन्धी जानकारी लिइएको,

- स्थानीय तह तथा नेपाल प्रहरीको सहयोगमा बिराटनगर म.न.पा.का विभिन्न स्थानमा Excavator को प्रयोग गरि पानीको निकास गरिएको,
- जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशानुसार सशस्त्र प्रहरी बल, बुढीगंगा गा.पा. वडा नं. २ मा बुढी खोलाले गरेको कटानबाट हुन सक्ने थप जोखिम न्यूनीकरण गर्न अस्थायी बाँध तत्काल निर्माण गरिएको।

२.१.३ जनकपुर पश्चिमका बाढी प्रभावित जिल्लाहरुमा भएको क्षतिको विवरण (२०७६/०४/०४ गते देखि २०७६/०४/०६ गते सम्म):-

क) धनुषा जिल्ला

धनुषा जिल्लाका रातु नदी, भुस नदी, कमला नदी, चारनाथ खोला, बडहरी खोला, जमुनी खोला, बलुवा नदी, पुरानो जलाद नदी, सपही खोला आदिले वर्षेनी तल्लो भूभागमा बाढी तथा डुबानको समस्या ल्याउने गरेको पाइयो । डुबानमा परेका केही स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

- चुरेको जथाभावी भएको दोहन र विनाशका कारण वर्षेनी अस्वभाविक रुपमा ठूलो बाढी आउँदा बाढीसँगै ढुङ्गा, गिटी, बालुवा बगाएर लैजाने गरेको र नदी तथा खोलानालाको सतह (River Bed) माथि उठेको,
- नदीनाला तथा खोलाको ढुङ्गा, गिटी, बालुवाको अवैज्ञानिक र अव्यवस्थित रुपमा उत्खनन गरिएको,
- नदीनालाको बाँध र सडकको कल्भर्टहरुको निर्माण प्राविधिक हिसाबले कमसल गरी बनाइएको,
- छिमेकी मुलुक भारतबाट एकतर्फी रुपमा दशगजा क्षेत्र र त्यस नजिक निर्मित बाँध, सडक र अन्य भौतिक संरचनाहरुले नेपालतर्फको भू-भागहरु वर्षेनी डुबानमा पर्ने गरेको।

बाढी तथा डुबानबाट प्रभावित स्थानीय सरोकारवाला एवं जनप्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया पश्चात दिइएका सुझावहरु निम्न छन्:

- चुरे क्षेत्रमा गिटी र बालुवा उत्खनन गर्ने काम तदारुकताका साथ रोकथाम गर्नुपर्ने,
- वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने,
- भौतिक संरचनाहरु जस्तैः पुल, सडक, कल्भर्ट, डाइभर्सन, Causeway आदि निर्माण गर्दा गुणस्तरीयता र वैज्ञानिकता अपनाउनु पर्ने,
- वस्ती बसाउँदा अग्लो सतह भएको भूभागमा वस्ती बसाउने र होचो भूभागमा खेतीपाती, उद्योग, व्यापार तथा अन्य क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- घर निर्माण गर्दा घरको जग जमिनको सतहबाट केही माथि उठाएर मात्र बनाउनु पर्दछ वा तल्लो तलामा पार्किङ्ग गर्ने वा अन्य सामाग्री राखी माथिल्लो तलामा मानिस बस्ने व्यवस्था गर्नु पर्ने।

धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँडेलको ब्रिफिङ्गः

- स्थानीय जनप्रतिनिधि (वडाअध्यक्ष), प्रहरी प्रतिनिधि र रेडक्रस प्रतिनिधिबाट पूर्ण क्षति, आंशिक क्षति आदिको तथ्यांक संकलन भइरहेको,
- सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवाको परिचालन गरिएको,
- वर्षा तथा बाढीले भत्काएका सडक तत्काल मर्मत गरी संचालन गर्नका लागि सम्बन्धित निकायहरुमा अनुरोध गरिएको,
- बाढी तथा डुबानबाट प्रभावित विभिन्न क्षेत्रहरुमा गई घर दैलोमा नै राहत सामाग्रीहरु वितरण गर्ने कार्य प्रारम्भ भएको ।

ख) महोत्तरी जिल्ला

महोत्तरी जिल्लाका रातु नदी, बिग्ही नदी, जङ्घा नदी, भप्सी नदी, भेडाहा नदी लगायतका नदीहरुको कारण डुबानमा परेका स्थानहरुको स्थलगत निरीक्षण गरिएको थियो । ती स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

सडकहरुमा क्षतिको विवरण : माथि उल्लेखित नदीहरुले निम्न लिखित सडक खण्डहरुमा प्रचुर क्षति पुऱ्याएको पाइयो :

- जनकपुर-जलेश्वर-भिट्टामोड सडक खण्ड (हुलाकी मार्ग),
- जलेश्वर-हर्दी सडक खण्ड,

- महोत्तरी जिल्लामा निर्माण गरिएको सडकले आफैंमा बाँधको काम गरेको छ । कल्भर्ट ज्यादै साँघुरो तरिकाले निर्माण गरिएको छ। Drainage को अवस्था अस्तव्यस्त भएको,
- खोलाहरुको बग्ने सतह बाटोको सतहसम्म आइपुगेको,
- माथिल्लो बर्दिबास क्षेत्रमा नदीहरु फराकिलो क्षेत्रमा बगेका छन्, तर तल जलेश्वर नगरपालिका तथा एकदारा गाउँपालिकामा नदीहरु बग्दै आइपुग्दा ज्यादै साँगुरिएर बगेको,
- तल्लो भेगमा सार्वजनिक जग्गा ज्यादै नै अतिक्रमण भएको पाइयो । नदीको गहिराइ एकदमै कम भएको अवस्था अवलोकन गरिएको।

बाढी तथा डुबानबाट प्रभावित स्थानीय सरोकारवाला एवं जनप्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया पश्चात दिइएका सुझावहरु निम्न छन्:

- चुरे क्षेत्रमा गिटी र बालुवा उत्खनन गर्ने काम तदारुकताका साथ रोक लगाउनुपर्ने,
- वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक रहेको,
- हुलाकी राजमार्गको DPR राम्रोसँग पुनः गरिनु पर्ने,
- भौतिक संरचनाहरु जस्तैः पुल, सडक, कल्भर्ट, डाइभर्सन, Causeway, आदि निर्माण गर्दा वैज्ञानिकता अपनाउनु पर्ने,
- वस्ती बसाउँदा अग्लो सतह भएको भू-भागमा वस्ती बसाउने र होचो भू-भागमा खेतीपाती, उद्योग, व्यापार तथा अन्य आर्थिक क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- घर निर्माण गर्दा घरको जग जमिनको सतहबाट केही माथि उठाएर मात्र बनाउनु पर्दछ वा तल्लो तलामा पार्किङ्ग गर्ने वा अन्य सामाग्री राखी माथिल्लो तलामा मानिस बस्ने व्यवस्था गर्नु पर्ने ।

महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालको ब्रिफिङ्गः

- स्थानीय निर्वाचित जनप्रतिनिधि, रेडक्रस प्रतिनिधि तथा सुरक्षा निकायको उपस्थितिमा पीडितहरुको विस्तृत घरधूरी सर्वेक्षणबाट तथ्यांक संकलन भइरहेको,
- बाढी तथा डुबानबाट प्रभावितहरुलाई सरोकारवाला निकायहरुको उपस्थितिमा एकद्वार प्रणालीबाट राहत वितरण कार्य भइरहेको,
- अवरुद्ध सडक मर्मत गरी आवगमन सुचारु गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाइएको,

- राहत वितरण कार्यलाई प्रभावकारी बनाउन विभिन्न विषयगत क्षेत्रहरु (Clusters) परिचालन गरिएको, जस्तैः स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, कृषि, शिक्षा, संचार तथा संरक्षण, आवास समन्वय, पुनर्लाभ तथा बन्दोवस्ती इत्यादी ।

ग) सर्लाही जिल्ला

सर्लाही जिल्लाका लखनदेही नदी, झिम नदी, बागमती नदी, मनुष्मारा नदी, ढङ्ग्रा नदी, झिझा खोला, कालिन्जोर खोला, फुलजोर खोला, सोरम खोला तथा बाँके नदी लगायतका नदीले वर्षेनी तल्लो भूभागमा बाढी तथा डुबानको समस्या ल्याउने गरेको पाइयो । डुबानमा परेका केही स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

मलंगवाः मलंगवाको तल्लो भेगमा बाँध होचो गरी निर्माण गरिएकोले पूर्व-पश्चिम हुलाकी राजमार्गको विभिन्न ठाउँमा कटान भई राजमार्ग तलका विभिन्न भू-भागहरु क्षतिग्रस्त भएका छन् । Drainage वैज्ञानिक रुपमा बनाई पानीको निकास एकीकृत रुपमा नगरिएको पाइयो । स्थानीय सरकारको नेतृत्वमा Shelter Kits, Hygine Kits, Student Kits लगायतका राहत सामाग्रीहरु अति प्रभावित क्षेत्रमा वितरण भइरहेको अवस्था देखियो । नालाको बिचमा बिजुलीको खम्बा गाडिएको हुनाले विभिन्न ठाउँमा पोलहरु ढली बिजुली आपूर्ति अवरुद्ध भएको पाइयो ।

सर्लाही जिल्लामा बाढी आउनुका प्रमुख कारणाहरुः

- चुरेको जथाभावी भएको दोहन र विनाशका कारण वर्षेनी अस्वाभाविक रुपमा ठूलो बाढी आउँदा बाढीसँगै ढुङ्गा, गिटी, बालुवा बगाएर लैजाने गरेकोले नदी तथा खोलानालाको सतह (River Bed) माथि उठेको,
- नदीनाला तथा खोलाको ढुङ्गा, गिटी, बालुवाको वैज्ञानिक रुपमा उत्खनन नगरिएको,
- नदीनालाको बाँध, डाइभर्सन र सडकको कल्भर्टहरुको निर्माण प्राविधिक हिसाबले परिपक्व नभएको।

बाढी तथा डुबानबाट प्रभावित स्थानीय सरोकारवाला एवं जनप्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया पश्चात दिइएका सुझावहरु निम्न छन्:

- चुरे क्षेत्रमा गिटी र बालुवा उत्खनन गर्ने काम तदारुकताका साथ रोकथाम गर्नु पर्ने,

- वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्नु पर्ने,
- भौतिक संरचनाहरु जस्तैः पुल, सडक, कल्भर्ट, डाइभर्सन, Causeway आदि निर्माण गर्दा वैज्ञानिकता अपनाउनु पर्ने,
- वस्ती बसाउँदा अग्लो सतह भएको भू-भागमा वस्ती बसाउने र होचो भूभागमा खेतीपाती, उद्योग, व्यापार तथा अन्य क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- घर निर्माण गर्दा घरको जग जमिनको सतहबाट केही माथि उठाएर मात्र बनाउनु पर्दछ वा तल्लो तलामा पार्किङ्ग गर्ने वा अन्य सामग्री राखी माथिल्लो तलामा मानिस बस्ने व्यवस्था गर्नु पर्ने,
- अस्थायी रुपमा बोरामा बालुवा भरी नदीको बहावलाई प्राकृतिक रुपम बग्न दिनुपर्ने,
- हुलाकी राजमार्गको गहिरो भू-भागहरुमा बाढीको समयमा जमेको पानीलाई निकास दिनको लागि हरेक एक कलोमिटरको दुरीमा १ देखि १.५ मिटर अग्लो लच्का (Fly Over) दिएर सडक निर्माण गर्नुपर्ने ।

सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर राउतको ब्रिफिङ्गः

- सबै स्थानीय तहमा स्थानीय सरकारको नेतृत्व, नेपाल प्रहरी, सशस्त्र प्रहरी एवं रेडक्रस लगायतका संस्थाहरुको सहयोगमा विस्तृत घरपरिवर सर्वेक्षण गरिएको,
- क्षतिग्रस्त सडक मर्मत गरी तत्काल यातायात सुचारु गर्न डिभिजन सडक कार्यालयलाई आवश्यक साधन स्रोत उपलब्ध गराउन अनुरोध गरिएको,
- मृतकका परिवारलाई काजकिरिया खर्च उपलब्ध गराउने व्यवस्था मिलाइएको,
- जिल्ला विपद व्यवस्थापन समितिमा संघीय सरकार एवं विभिन्न संघ-संस्थाहरुबाट प्राप्त राहत सामाग्रीहरु विभिन्न स्थानहरुमा वितरण गराइएको ।

घ) रौतहट जिल्ला

रौतहट जिल्लाका बागमती नदी, लालबकैया नदी, अजुवा नदी, झाझ खोला आदिले वर्षेनी तल्लो भू-भागमा बाढी तथा डुबानको समस्या ल्याउने गरेको पाइयो । डुबानमा परेका केही स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

गौरः लालबकैया नदीको कटानको अवलोकन गर्दा कतिपय ठाउँहरुमा नदीले आफ्नो मार्ग बदलेको, कतिपय ठाउँमा किसानहरुको खेत र अन्नबाली समेत बगाएको पाइयो :

- रौतहट जिल्लाका नदीहरुले निम्न सडक खण्डमा प्रचुर मात्रामा क्षति पुगेको,
  - स्नाथ नगरपालिकादेखि गौर नगरपालिका जोड्ने सडक,
  - गौर नगरपालिकाबाट दुर्गा भगवती गाउँपालतिका जाने सडक,
  - गौर नगरपालिकाबाट विरगंज जाने सडक,
- नदीको तटबन्ध बलियो गरी नबनाइएको तथा वृक्षारोपण नगरिएको अवस्था प्रायः हरेक नदी किनाराहरुमा देखिएको,
- नेपाल-भारत सीमाभन्दा तल भारत सरकारले बनाएको बाँधबाट वर्षेनी नेपाली भूमिलाई डुबाउने गरेको अवस्था अवलोकन गरिएको,
- समगढा भन्ने ठाउँमा सडक गहिरो गरी (Cause Way) बनाइएको अवस्था देखियो । थोरै मात्रामा बाढी आउँदा पनि सडक सारा डुबानमा पर्ने गरेको,
- नदीनालाको बाँध र सडकको कल्भर्टहरुको निर्माण कमसल प्राविधिक हिसाबले बनाइएको।

बाढी तथा डुबानबाट प्रभावित स्थानीय सरोकारवाला एवं जनप्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया पश्चात दिइएका सुझावहरु निम्न छन्:

- नदीको दुवैतर्फ बलियो गरी तटबन्ध बनाउनु पर्ने,
- जनचेतना अभिवृद्धि गर्नुपर्छ (जस्तैः अग्लो ठाउँमा वस्ती बसाउने र घरको जग उठाएर मात्र घर बनाउने, घरभित्रको सरसफाई आदि),
- वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक रहेको,
- भौतिक संरचनाहरु जस्तैः पुल, सडक, कल्भर्ट, डाइभर्सन (ऋबगकभधबथ० आदि निर्माण गर्दा वैज्ञानिकता अपनाउनु पर्ने,
- अग्लो सतह भएको भू-भागमा वस्ती बसाउने र होचो भूभागमा खेतीपाती, उद्योग, व्यापार तथा अन्य आर्थिक क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने,

- घर निर्माण गर्दा घरको जग जमिनको सतहबाट केही माथि उठाएर मात्र बनाउनु पर्दछ वा तल्लो तलामा पार्किङ्ग गर्ने वा अन्य सामाग्री राखी माथिल्लो तलामा मानिस बस्ने व्यवस्था गर्नु पर्ने,
- कुटनीतिक पहलबाट नेपाल भारत सीमाना नजिकै बनेका बाँधहरुको ढोका खोल्ने व्यवस्था मिलाउनु पर्ने।

रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी किरण थापाको ब्रिफिङ्गः

- भत्केका १४ वटा सडक खण्डमध्ये ७ वटा सडक सूचारु हुन नसकेकोले वैकल्पिक मार्गबाट आवत-जावतको व्यवस्था मिलाइएको,
- खोज तथा उद्दार, राहत वितरण तथा पुर्नस्थापनाका लागि सुरक्षा निकाय परिचालन गरिएको,
- जिल्ला विपद व्यवस्थापन समितिले सुरक्षित स्थानहरुको पहिचान गरी क्षेत्रगत बैठक गरी भारतीय पक्षसँग सम्वाद जारी राखेको ।

ङ) बारा जिल्ला

बारा जिल्लाका मुख्य नदीहरु लालबकैया नदी, सिर्सिया नदी, कसाहा नदी, दुधौरा नदी लगायतका अन्य नदीहरुको कारण हरेक वर्षायाममा यहाँका विभिन्न होचा ठाउँहरु बाढी र डुबानमा परी धनजनको क्षति हुने तीतो यथार्थ छ । १६ वटा मध्ये १२ वटा स्थानीय तहमा यस वर्षको बाढीले असर गरेको पाइयो । डुबानमा परेका स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

कलैया/सिमराः लालबकैया नदीको कटानको अवलोकन गर्दा किसानहरुको पाकिरहेको धान नदीले आफूसँग ल्याएको बालुवाहरु थुपरी नष्ट गरेको देखियो । त्यसै गरी कतिपय ठाउँमा नदीले आफ्नो मार्ग बदली खेती गरिरहेको भू-भागबाट बग्दा किसानहरुको लहलाउँदो खेती सारा बगाएर लगेको पाइयो । सडकहरुको नयाँ संरचनाले पानीको निकास रोक्ने गरेको (छेकान भएको), सडकको उचाई बढाउँदा पानीले तलैया बन्ने गरेको पाइयो । उदाहारणका लागि कोल्ही खोला पूर्वतिरबाट बग्दै पश्चिमतिर जाँदा जमेको पानीले सडक खोल्ने र भत्काउने गरेको र सडकभन्दा तलको होचो

भू-भाग वर्षेनी डुबानमा पर्ने गरेको देखियो । करैयामाई अन्तर्गत सिरसिया, ईटहर, बेलाहीर औनिया लगायतका क्षेत्र बाढीबाट डुबानमा परेको अवलोकन गरियो । कृषि क्षेत्र (बालीनाली, पशुचौपाया, पंक्षी तथा माछा) आदिको ठूलो मात्रामा क्षति भएको जानकारी प्राप्त भयो।

बाढी तथा डुबानबाट प्रभावित स्थानीय सरोकारवाला एवं जनप्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया पश्चात दिइएका सुझावहरु निम्न छन्:

- वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक रहेको,
- भौतिक संरचनाहरु जस्तैः पुल, सडक, कल्भर्ट, डाइभर्सन आदि निर्माण गर्दा वैज्ञानिकता अपनाउनु पर्ने,
- वस्ती बसाउँदा अग्लो सतह भएको भू-भागमा वस्ती बसाउने र होचो भू-भागमा खेतीपाती, उद्योग, व्यापार तथा अन्य क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने।

बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेश पौडेलको ब्रिफिङ्गः

- अविरल वर्षाका कारण डुबान क्षेत्रहरुमा मृतक तथा स्थानीय जनताहरुको उद्दारको लागि तत्कालै तिनै प्रकारका सुरक्षा निकाय परिचालन गरी डुबानमा परेका र विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा लाने कार्य गरेको,
- वडा अध्यक्ष, प्रहरी प्रतिनिधि र रेडक्रस प्रतिनिधिको उपस्थितिमा तथ्यांक संकलन गर्ने कार्य भइरहेको,
- जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रबाट बाढी पीडितहरुलाई राहत वितरण कार्य भइरहेको ।

च) पर्सा जिल्ला

पर्सा जिल्लाका मुख्य नदीहरु सिर्सिया नदी, भेडाहा नदी, कटाहा नदी, ओरिया खोला, सिक्टा खोला, औराहा खोला लगायतका अन्य नदीहरुको कारण हरेक वर्षायाममा यहाँका विभिन्न होचा ठाउँहरु बाढी र डुबानमा पर्दै आइरहेको तीतो यथार्थ छ । डुबानमा परेका स्थान विशेषको अवस्थाका सम्बन्धमा निम्नानुसारको विवरण रहेको पाइयोः-

विरगंजः भेडाहा तथा कटाहा नदीले हरेक वर्ष कटान र डुबान गर्दा स्थानीय जनताहरुलाई संकट तथा विपद्मा पार्ने गरेको पाइयो । मिलनचोकदेखि बेलवासम्म भेडाहा खोलाले सम्पूर्ण भू-भागमा क्षति पुऱ्याएको पाइयो। विपद्का समयमा राज्यको तत्काल उपस्थिति हुन नसकेको अवस्थामा स्थानीय जनताहरुले भागवान भरोसा बाहेक अरु केही पनि आशा गर्ने ठाउँ नरहेको पाइयो । त्यसैगरी बालुवा, ढुङ्गा, गिटी उत्खनन कार्य जथाभावी भएको पाइयो - कहीं गहिरो खाल्डो त कहीं अग्लो डाँडा । वर्षातको सम्पूर्ण पानी सीमा वरिपरिका क्षेत्रमा बनेका सडकबाट नेपालतर्फ बग्ने, जसले गर्दा डुबानबाट अकल्पनीय क्षति हुने गरेको देखियो ।

सडकहरुमा क्षतिको विवरण : माथि उल्लेखित नदीहरुले निम्न लिखित सडक खण्डहरुमा प्रचुर क्षति पुऱ्याएको पाइयो :

- वीरगंज-पोखरिया-ठोरी जोड्ने सडक (हुलाकी मार्ग),
- वीरगंज-गण्डक नहर-ठोरी जोड्ने सडक,
- बाराको जितपुर हुँदै पर्सा पश्चिम मनवा जाने हुलाकी राजमार्ग,
- सडकको नयाँ संरचनाले पानीको निकास रोक्ने गरेको (छेकान भएको), सडकको उचाई बढाउँदा पानीले तलैया बन्ने/बनाउने गरेको पाइयो । उदाहरणका लागि कोल्ही खोला पूर्वतिरबाट बग्दै पश्चिमतिर जाँदा जमेको पानीले सडक खोल्ने र भत्काउने गरेको र सडकभन्दा तलको होचो भू-भाग वर्षेनी डुबानमा पर्ने गरेको पाइयो,
- वस्ती गहिरो ठाउँमा बसाइएकोले पथलैया देखि बारा र पर्साको सबै पानी बगेर वीरगंज क्षेत्रमा जाने गरेको अवस्था छ । बाढी र डुबानबाट जिल्ला प्रशासन कार्यालय समेत डुबानमा परेको हुँदा डुङ्गामा चढेर मात्र कार्यालय बाहिर जान सकिने अवस्था थियो । वीरगंज नगरपालिकाका दक्षिण क्षेत्रहरु जस्तै वडा नं. १, २, ३, १३ र १४ पूर्ण रुपमा डुबानमा परेको अवलोकन गरियो,
- जग्गा प्लटिङ्ग गर्दा पानीको निकासलाई बिल्कुलै ध्यान नदिइएको अवस्था देखियो,
- उद्योग, कलकारखाना संचालन गर्दा सडकमा नै पानी फाल्ने प्रचलन छ, नाला तथा Drainage को वैज्ञानिक तवरले व्यवस्था नगरिएको देखियो,
- सडकहरु नाला भन्दा होचा छन् । निकास विनाका वस्ती विकास गरिएको देखियो,

- २०४२ सालतिर बागमती र बकैया नदीको नियन्त्रणका लागि बाँध निर्माण गरियो, तर त्यसपछि त्यसको मर्मत सम्भार कहिल्यै पनि नगरिएको पाइयो ।

बाढी तथा डुबानबाट प्रभावित स्थानीय सरोकारवाला एवं जनप्रतिनिधिहरुसँग छलफल एवं अन्तरक्रिया पश्चात् दिइएका सुझावहरु निम्न छन्:

- वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक रहेको,
- जग्गा प्लटिङ्ग गर्दा पानीको निकासलाई ध्यान दिइनु पर्ने,
- उद्योग, कलकारखाना संचालन गर्दा सडकमा नै पानी फाल्ने प्रचलन हटाइ नाला तथा Drainage को व्यवस्था गरिनु पर्ने,
- सडकहरु नाला भन्दा अग्ला बनाइनु पर्छ । वस्ती विकास गर्दा निकासको पूर्ण बन्दोबस्त गरिनु पर्ने,
- भौतिक संरचनाहरु जस्तैः पुल, सडक, कल्भर्ट, डाइभर्सन आदि निर्माण गर्दा आम रुपमा बाढी लक्षित गरी निर्माण गरिनु पर्ने,
- वस्ती बसाउँदा अग्लो सतह भएको भू-भागमा वस्ती बसाउने र होचो भू-भागमा खेतीपाती, उद्योग, व्यापार तथा अन्य आर्थिक क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाउनु पर्छ ।
- तटीय क्षेत्रको सुरक्षाको व्यवस्था गरिनु पर्ने,
- लालबकैया-बागमती नदी नियन्त्रण आयोजनाको कार्यालय परवानीपुर (बारा) बाट पूर्वतर्फ सम्भावित बढी बाढी पीडित क्षेत्रका बासिन्लालाई अन्यत्र सुरक्षित ठाउँमा सार्नु पर्ने,
- सीमा क्षेत्र नजिकै बाँध र सडक निर्माण गर्दा कुटनैतिक पहलबाट नेपाल र भारत दुवै मुलुक मिलेर समन्वय र सहकार्यमा जोड दिनुपर्ने।

पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायण भट्टराईको ब्रिफिङ्गः

- स्थानीय निर्वाचित जनप्रतिनिधि, रेडक्रस प्रतिनिधि तथा सुरक्षा निकायको उपस्थितिमा पीडितहरुको तथ्यांक संकलन भइरहेको,
- बाढी तथा डुबानबाट प्रभावितहरुलाई सरोकारवाला निकायहरुको उपस्थितिमा राहत वितरण कार्य भइरहेको,

- अवरुद्ध सडक मर्मत गरी आवगमन सुचारु गराइएको ।

२.१.४ क्षतिको विवरण

स्थलगत अनुगमन निरीक्षणको क्रममा प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले उपलब्ध गराएका जानकारीका आधारमा बाढी तथा डुवानबाट भएको मृत्यु, बेपत्ता, घाइते, अस्थायी रुपमा विस्थापित परिवार, घरको पूर्ण तथा आंशिक क्षति सम्वन्धी विवरणलाई सबै जिल्लाको एकीकृत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छः-

कं.सं.	जिल्ला	मृतकको संख्या	बेपत्ता	घाइते	विस्थापित परिवार	पूर्ण क्षति (घर)	आंशिक क्षति (घर)	कैफियत
१.	बारा	२	–	–	१६६	१३८	४३३	
२.	पर्सा	३	–	–	–	१६२	३९१	
३.	रौतहट	२२	–	–	३३३	४९८५	१४८८३	
४.	सर्लाही	३	–	१	–	२४००	–	
५.	महोत्तरी	८	–	२	१८३	४५६२	७९६३	
६.	धनुषा	१०	–	–	–	१७५६	४२३५	
७.	सिराहा	८	–	२	–	५३२६	१०१८९	
८.	उदयपुर	३	२	८	१५३	१२	९२	
९.	सप्तरी	४	१	३	–	–	५३२६	चट्याङबाट ३ मृत्यु र ३ घाइते भएको
१०.	सुनसरी	२	१	२	३४	१०	–	
११.	मोरङ	४	३	३	१५३	१२	–	
१२.	काठमाडौं	-	१	-	-	-	-	
१३.	भक्तपुर	-	-	-	-	१	-	
	जम्मा	**६९**	**८**	**२१**	**७२५८**	**१९३६४**	**४३५१२**	

स्रोतः सबै जिल्लाका प्र.जि.अ.हरुबाट प्राप्त भएको विवरणका आधारमा

नोटः २०७६/४/१४ गतेसम्म प्राप्त जानकारीका आधारमा अद्यावधिक गरिएको।

अध्याय-३

निष्कर्ष तथा सुझाव

३.१ निष्कर्ष

देशमा हरेक वर्ष वर्षायामसँगै परेको अविरल वर्षाका कारण बाढी र डुबानले वर्षेनी ठूलो मात्रामा जनधनको क्षति हुने गरेको देखिन्छ । यहि मिति २०७६ असार अन्तिम साता परेको अविरल वर्षा, बाढी र डुवानबाट प्रभावित काठमाडौं उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर तथा तराईका विभिन्न जिल्लाहरु मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा र पर्सामा संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिका माननीयज्यूहरु तथा संघीय संसद सचिवालयका कर्मचारीहरु सहित सम्बन्धित सरोकारवालाहरु सहभागी भई स्थलगत अनुगमन गरी ती जिल्लाहरुमा बाढी, पहिरो तथा डुवानका कारणहरु के–के हुन्, त्यसले के कति जनधनको क्षति पुऱ्यायो, प्रभावित मानिसहरुलाई उद्धार, राहत तथा पुनःस्थापनाका लागि के–कस्ता र के–कसरी कामहरु भइरहेका छन्, आगामी दिनमा वर्षा, वाढी तथा डुवानबाट हुने क्षतिलाई कसरी न्यूनिकरण गर्न सकिन्छ र समस्याको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भनी यही मिति २०७६ साउन २ गते भक्तपुर जिल्ला, साउन ३ गते काठमाडौं तथा साउन ४ गते देखि ६ गतेसम्म ललितपुर जिल्लाका साथै तराईका विभिन्न जिल्लाहरुमा स्थलगत अनुगमन तथा निरीक्षण गरिएको थियो । उक्त स्थलगत अनुगमन तथा निरीक्षणको क्रममा प्रदेश सांसदहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी लगायत सरकारी निकायका कर्मचारीहरु, सुरक्षा निकायहरु, सञ्चार माध्यम, स्थानीय सरोकारबाला, वाढी, पहिरो तथा डुवान प्रभावित जनताहरुको उल्लेख्य सहभागिता रहेको थियो । स्थलगत निरीक्षण, अवलोकन, अन्तरक्रिया र छलफलका क्रममा अनुगमन टोलीले पहिचान गरेका समस्याहरु, बाढी आउनुका कारणहरु, सुझावहरु निम्नानुसार प्रस्तुत गरिएको छः

(क) बाढीबाट प्रभावित क्षेत्रमा देखिएका समस्याहरु :-

बाढी तथा डुबानबाट प्रभावित विभिन्न जिल्लाका पीडितहरुलाई तत्काल उद्धार र औषधोपचार, विभिन्न तहका सरकार, विभिन्न संघसंस्था र व्यक्तिबाट उपलब्ध गराइएको राहत वितरण, पुनर्वास र पुननिर्माणको लागि गरिएका प्रयासका सम्बन्धमा समितिले गरेको अनुगमन पश्चात् देखिएका समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

समस्याहरु

- चुरे शिर भएका र नभएका तराईका कतिपय नदीनाला, खोलाहरुको पिंध (River Bed) माटो, बालुवा, ढुङ्गा थिग्रिएर नदीको सतह वर्षेनी माथि बढ्दै जानु,
- कमजोर भू-बनावट भएको चुरे क्षेत्रमा प्राविधिक अध्ययन बिना डोजर चलाई जथाभावी मोटरबाटो निर्माण गरिनु,
- चुरे क्षेत्रको माटो खुकुलो हुनु, त्यस क्षेत्रको वन विनाश तिव्र रुपमा हुनु तथा चुरे क्षेत्रमा रहेको वस्ती, गाई वस्तुको चरिचरणले खिइने प्रक्रिया तिव्र ढंगले बढ्दै जानु,
- कृषियोग्य जमिनमा भएका सिंचाईका लागि निर्मित नहर, कुलोहरु पुराना र क्षतिग्रस्त हुनु,
- नदीनाला, खोलाबाट ढुङ्गा, बालुवा, रोडा उत्खनन गर्दा वैज्ञानिक मापदण्ड नअपनाइनु,
- बाढी, पहिरो र डुबान लगायतका विपदबाट पीडितका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा पर्याप्त मात्रामा बजेट विनियोजन हुन नसक्नु,
- विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागि आवश्यक सावधानी, उद्दार सामाग्रीहरु सहितको पूर्वतयारी र योजनाहरु नबनाइनु तथा तत्काल उद्धार एवं राहत वितरणका कार्यमा खटिने निकायमा उद्धार र राहतका लागि आवश्यक सामाग्रीहरुको मौज्दात न्यून हुनु,
- स्थानीय, प्रदेश र केन्द्रीय तहहरु बीच समन्वयको अभाव तथा सूचना संकलन तथा सम्प्रेषणमा समस्या देखिनु,
- प्राकृतिक प्रकोपको समयमा प्रभावकारी सेवा दिन सक्ने गरी जिल्ला स्थित अस्पताल एवं स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि हुनुपर्नेमा कमजोर भौतिक संरचना, दक्ष जनशक्ति एवं औषधी समेतको अभावमा सेवा प्रभावकारी हुन नसक्नु,
- वस्तीहरु छरिएर रहने र खोलाको बगरभित्र समेत बसोबास र खेतीपाती गरिनु,
- कतिपय घरपरिवारहरुले आफ्नो परिवारको नाम बाढी पीडितको नामावलीमा अनिवार्य रहोस भन्ने चाहनाले गर्दा वास्तविक पीडितको संख्याभन्दा बढी संख्यामा पीडितहरुको नामावली तयार हुनु,

- चुरे पर्वत क्षेत्रको बनावट नै कमजोर र खुकुलो रहेको, नेपालको भौगोलिक बनावट उत्तरतिर अग्लो र क्रमशः तराईतिर होचो हुँदै गएको तथा खोलानाला तथा नदी उत्तर (अग्लो स्थान) हुँदै दक्षिण (होचो स्थान) तिर तिव्र गतिमा बग्ने तर सडकहरुको निर्माण र विस्तार पूर्व–पश्चिम रहकाले नदीको बहावलाई रोकी डुबानमा पर्ने गरेको छ ।

ख) बाढी डुवान आउनुका मुख्य कारणहरु :-

- जलवायुमा परिवर्तन आउनु,
- भूमण्डलीय तापक्रममा बृद्धि हुँदै जानु,
- अव्यवस्थित र अवैज्ञानिक भौतिक संरचना निर्माण गरिनु,
- खोलानालामा अत्याधिक फोहोरमैला, भग्नावशेष फालिनु,
- खोलानाला तथा नदीक्षेत्र माथि भएको अतिक्रमण,
- चुरेपर्वत लगायत प्राकृतिक स्रोतमाथि हुने अनाधिकृत दोहन, खानीहरुको उत्खनन तथा अतिक्रमण,
- बनजंगलको विनास/बन फँडानी,
- कमजोर र भिरालो भू-बनावट,
- दक्षिण सीमा क्षेत्रमा निर्मित उच्च बाँध तथा सडकहरु,
- प्रभावकारी सूचना व्यवस्थापनको अभाव हुनु,
- विपत्तीको सामना गर्न पूर्वतयारीको अवस्था कमजोर रहनु,
- संघ, प्रदेश, स्थानीय तह तथा अन्य राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य, समन्वय तथा सहयोगको अभाव देखिनु,
- खोलानाला तथा नदीहरुको छेउछाउमा बलियो तटवन्धको निर्माण नगरिनु,
- अन्तराष्ट्रिय कानूनी मान्यता र सम्झौता विपरित संरचना निर्माण गरिनु,

३.२ सुझाव

काठमाडौं, भक्तपुर, ललितपुर, जनकपुर पूर्व तथा जनकपुर पश्चिमका बाढी र डुबानबाट प्रभावित विभिन्न जिल्लामा राज्य व्यवस्था तथा सुशासन समितिले उद्दार, राहत वितरण, क्षतिको विवरण तथा बाढी पीडितहरुको अवस्थाबारे यथार्थ जानकारी लिन स्थलगत अनुगमन तथा निरीक्षण गरी सम्बन्धित क्षेत्रका संघीय संसदका माननीय सदस्य, प्रदेश सभा सदस्य एवं पूर्व सांसदहरु, स्थानीय जनप्रतिनिधिहरु, सरकारी निकाय एवं सुरक्षा निकायहरु, प्रभावित स्थानीय बासिन्दाहरुसँग लिइएको जानकारी, छलफल र अन्तरक्रिया पश्चात् समिति देहाय बमोजिमका तत्कालिन, अल्पकालिन र दीर्घकालिन उपायहरु सहितको निम्न सुझावहरु प्रस्तुत गर्दछः-

तत्कालिन उपायहरु

बाढी, पहिरो तथा तथा डुवानबाट हुने अपार धनजनको क्षति हुनबाट जोगाउने तत्कालिन उपायहरु निम्न छन्ः-

- बाढीबाट प्रभावित सम्पूर्ण पीडितहरुलाई राहत उपलब्ध गराउने,
- बाढी प्रभावित क्षेत्रहरुमा स्वास्थ्य सेवा तथा सरसफाई, सर्पदंश तथा अन्य औषधोपचारको आवश्यक व्यवस्था मिलाउनु पर्ने,
- मानववस्ती तथा खोलानालामा थुप्रिएका भग्नावशेष तथा ढुङ्गा, गिटी, बालुवा, फोहोरमैला प्राविधिक सावधानीपूर्वक हटाउनुपर्ने,
- सरुवा रोग तथा अन्य महामारी रोग नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने,
- सुरक्षित अस्थायी वासस्थानको व्यवस्था मिलाउने,
- खोलानाला, नदीमा फोहोरमैला फाल्ने, विकास निर्माण तथा भत्काइएको भौतिक संरचनाको भग्नावशेष फाल्न बन्द गरिनुपर्ने, खोलानाला तथा नदी प्रवाहको मार्गमा अवरोध नपुऱ्याई निर्वाध रुपमा प्रवाह हुन प्रशस्त मार्ग उपलब्ध गराउनुपर्ने,
- चुरेपर्वत तथा प्राकृतिक स्रोतमाथि हुने अनाधिकृत दोहन तथा अतिक्रमण रोक्नुपर्ने, बालुवा, ढुङ्गा तथा खानी उत्खनन गर्दा वैज्ञानिक मापदण्ड बनाई सोही बमोजिम गर्नुपर्ने,

- अनावश्यक र अन्धाधुन्ध बन फँडानी रोक्नुपर्ने, बनजंगलमा छाडा गाईवस्तुको चरिचरन, आगलागी जस्ता क्रियाकलाप रोक्नुपर्ने, वातावरण प्रभाव मूल्यांकनसहित उपयुक्त र वैज्ञानिक मापदण्ड सहितको विकास निर्माण कार्य गरी वृक्षारोपणमा जोड दिने,

- बाढी, पहिरो तथा डुवान लगायत प्राकृतिक प्रकोप आउँदा र आउनुपूर्व नै जनधनको क्षति हुन नदिन तथा न्यूनिकरण गर्न सूचना तथा सञ्चार प्रविधिलाई व्यवस्थित वनाउनु पर्ने, जस्तै प्राकृतिक प्रकोप आउनुपूर्व तथा आइसकेपछि मोवाइलमा सन्देश सम्प्रेषण गर्ने, साइरन बजाउने ।

- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार, विभिन्न संघसंस्था वा दाताहरुबाट उपलब्ध गराइएको राहत सामाग्री (नगदी, जिन्सी) पूर्ण समन्वय र पारदर्शी रुपमा एकद्वार प्रणालीबाट वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने,

- मापदण्ड विपरित निर्माण गरिएका भौतिक पूर्वाधारको कारण बाढी, पहिरो तथा डुवान परेको भए त्यस्तो कार्यमा संलग्न दोषीलाई छानविन गरी कानून बमोजिम कारवाही गर्ने,

- नेपाल–भारत संयुक्त प्राविधिक टोलीले तराईका विभिन्न भागमा हुने डुबान सम्बन्धी समस्या समाधानका लागि तयार गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्नुपर्ने,

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण यथाशिघ्र गठन गर्ने ।

अल्पकालिन उपायहरु

- कोशी नदी, खाँडो नदी, बागमती नदी, बाँके, लखन्देही, लालबकैया, रातु, बिगी, भब्सी, झिम, कुलजोर, विरिङ्ग, वक्राहा, रतुवा खोला, वकाहा खोला, कमला नदी, त्रियुगा नदी लगायत मुख्य कटान गर्ने तथा बाँध भत्किएका नदीहरुको उचित व्यवस्थापन तथा सुधार गर्ने,
- वन फँडानी तथा वन अतिक्रमण रोक्नुपर्ने, वनजंगलमा छाडा गाईवस्तुको चरिचरन, आगलागी जस्ता क्रियाकलाप रोक्नुपर्ने, वातावरणीय प्रभाव मूल्यांकनसहित उपयुक्त र वैज्ञानिक मापदण्ड सहितको विकास निर्माण कार्य गरी वृक्षारोपणमा जोड दिने,
- नदीनाला र खोलाको बहावलाई प्राकृतिक अवस्थामा नै फर्काउन पुल, कल्भर्ट र Causeway फराकिलो राख्नुपर्ने,

- नेपाली भूमिमा रहेका भौतिक संरचना जस्तैः कोशी ब्यारेजको नियन्त्रण र संचालन दुवै देशबिच सम्पन्न सम्झौता अनुरुप पालना हुनुपर्ने तथा नेपाल पक्षको हितलाई प्राथमिकतामा राखी पुनः व्यवस्थापनको कन्ट्रोल रुम आवश्यकता अनुसार नेपालीले नै चलाउन पाउने गरी सरकारी स्तरबाट कुटनीतिक ढङ्गले पहल गर्नुपर्ने,
- खोलानाला तथा नदीक्षेत्रसँग सम्वन्धित भविष्यपरक र दुरदुष्टिसहितको मापदण्ड तयार पारी खोलानाला तथा नदीक्षेत्रमाथिको अतिक्रमण रोक्नुपर्ने, खोलानालालाई कृत्रिम मार्ग बनाई अवरोध सिर्जना नगरी प्राकृतिक अवस्थामा नै छोड्नुपर्ने,
- राहत, उद्धार, उपचार तथा पुनःस्थापनाको लागि तयारी अवस्थामा रहने, उद्धारकर्मी सम्मिलित मोवाइल टोलीलाई तयारी अवस्थामा राख्ने,
- भारतले निर्माण गरेको पूर्व-पश्चिम नहर र सिमा सडक (SSB Road) निर्माणको क्रममा बन्द भएका प्राकृतिक बहावहरु कुटनैतिक पहलबाट खुलाउनु पर्ने ।

दीर्घकालिन उपायहरु

- वाढी, पहिरो र डुवानबाट पर्न सक्ने असरलाई तत्काल व्यवस्थित गर्न राहत कोषका साथै बाढी तथा डुबान हुन सक्ने क्षेत्रहरुमै पर्याप्त संख्यामा विपद् व्यवस्थापन कार्यालयहरुको स्थापना गर्ने,

- चुरेपर्वत श्रृङ्खलादेखि नेपाल भारत सीमासम्म नै खोला नदीनालाको दुवैतिर मजबुत बाँध निर्माण गरी जनधनको क्षति हुनबाट जोगाउने साथै चुरेक्षेत्रलाई संरक्षित क्षेत्रको रुपमा विकास गर्ने,

- नदीनाला, खोलाको छेउछाउ तथा नाङ्गा खुल्ला क्षेत्रमा वृक्षारोपण गरी खोलानालाले जमिनमा गर्न सक्ने अनावश्यक कटान तथा भू-क्षय नियन्त्रण गर्न दीर्घकादिन उपायहरु सहितको जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

- तराई क्षेत्रमा डुबान गर्ने सबै प्रमुख नदीहरुको अतिक्रमण हटाई नदीहरुलाई दुवैतर्फ पक्की तटबन्ध निर्माण गरी पर्याप्त आकार दिई बग्न दिनुपर्ने,

- नेपाल भारत सीमा क्षेत्रमा बनेका बाँधहरुबाट नेपाली भूमि डुबानमा पर्ने गरेकाले सबै नदीहरुमा दक्षिणतर्फ (भारततर्फ) निकासको लागि आवश्यक संरचनाको व्यवस्था गर्न भारत

सरकारसँग उच्च स्तरीय कुटनीतिक पहल गरी साझेदारीका साथ संयुक्त योजना र कार्यक्रम सञ्चालन गर्नुपर्ने,

- बर्षेनी बाढी-पहिरो तथा डुवानले ठूलो जन धनको क्षति पुऱ्याउने हुँदा उक्त क्षतिलाई न्यूनीकरण गर्न तथा चुरे पर्वतको संरक्षण गर्न सम्बन्धित संघ, प्रदेश र स्थानीय स्तरबाट समन्वय, सहकार्य र सहयोगको लागि उचित कानुनी, नीतिगत, संस्थागत र संरचनागत व्यवस्था गर्ने,

- अव्यवस्थित र असुरक्षित वस्तीहरुलाई अन्यत्र सुरक्षित ठाउँमा स्थानान्तरण गरिनुपर्ने र डुबान मुक्त घरको नमुना तयार गरी एकीकृत वस्ती बसाल्ने,

- भूमण्डलीय तापक्रमलाई बढ्न नदिन प्रकृति माथि मानवीय अतिक्रमण रोक्ने योजना क्रमशः लागू गर्नुपर्ने, जथाभावी डोजर चलाई भौतिक संरचना निर्माण गर्दै अभियान रोकी पर्यावरण सन्तुलित विकास योजना अनुरुप व्यवस्थित र वैज्ञानिक भौतिक संरचना निर्माण गर्ने, विस्फोटक पदार्थको प्रयोग गर्दा भू–बनोट र वातावरणमा असर पर्न नदिने, बनजंगलको संरक्षण र वृक्षारोपणद्धारा सुरक्षित जलाधार क्षेत्र निर्माणमा जोड दिनुपर्ने,

- नेपालमा बन्दै गरेका लोकमार्गको वैज्ञानिक व्यवस्थापन गरी राजमार्ग जोड्ने सडकहरु पानी धारको समानान्तर बनाई रेलमार्ग तथा सडकमा निश्चित दुरीमा पानीको निकाशका लागि साइफन, कलभर्ट आदि बनाउनुका साथै सडक किनारामा नालाहरु बनाउने,

- काठमाडौं उपत्यका भित्रका प्रमुख नदीहरु बल्खुखोला (काठमाडौं), हनुमन्ते खोला र खासाङखुसुङ् खोला (भक्तपुर) लगायत नदीहरुको प्राकृतिक मूल प्रवाहको सहज निकास सुनिश्चित गर्नको लागी २०२१ सालको नापी नक्सा अनुसार पुनः व्यवस्थापन गर्ने तथा निर्मित सम्पूर्ण घरहरु तथा भौतिक संरचना हटाउनु पर्ने,

- नेपाल सरकारले सडक पूर्वाधार, जलस्रोत तथा तटबन्ध सम्बन्धी इन्जिनियरहरुको टोलीद्वारा दीर्घकालिन समाधानको लागि गुरुयोजना तयार गर्नुपर्ने,

- घर, सडक लगायत अन्य भौतिक संरचना निर्माण गर्दा व्यवस्थित र वैज्ञानिक मापदण्ड अपनाउनुपर्ने, बैज्ञानिक सर्वे र EIA गरेर मात्र विकास निर्माण कार्य अगाडि बढाउनुपर्ने।

४. अनुसूची

स्थलगत अनुगमनका केही दृश्यहरु

क) भक्तपुर जिल्ला

हनुमन्ते खोलाले वस्तीमा गरेको क्षति/कटान क्षेत्र (बाराहीस्थान)

हनुमन्ते खोलाको पुल (बाराहीस्थान)

हनुमन्ते खोलामा आएको बाढीले क्षतिग्रस्त क्षेत्र

हनुमन्ते खोलामा पुल र जमिनवीचको दूरी कम राखिएको

ख) काठमाडौं जिल्ला

कुलेश्वर आवास क्षेत्रमा पसेको बल्खुखोलाको बाढी पश्चातको हिलो

बल्खुखोलाको क्षेत्र मिचेर साँघुरो पारी पर्खाल लगाइएको

मेट्रो संयुक्त आवासको अन्डरग्राउण्ड पार्किङ्गमा बाढीले ल्याएको हिलो सफा गरिदै

कलंकी मालपोत कार्यालय नजिकैको बल्खुखोलामा जमिनको सतहभन्दा तल पुल बनाइएको

ग) जनकपुर पूर्वका जिल्लाहरु

रौतामाई-७, मुर्कुचीमा बाढीको कटान क्षेत्रमा तटबन्ध निर्माण गरिदै

कमला नदीले गरेको कटान क्षेत्र

बाढीबाट नष्ट भएको स्थानीयको कुखुरा फर्म

कमला नदीले तटबन्धमा क्षति पुऱ्याएको क्षेत्र

सुनसरी जिल्ला स्थित कोशी ब्यारेजका ढोकाहरु बन्द अवस्थामा

उदयपुरको बैजनाथ खोलामा आएको बाढी

त्रियुगा नदीमा आएको बाढीले रुखको टुप्पोसम्म पानीले पुरेको ठाउँ

त्रियुगा नदीमा बाढीको उच्च बेगका कारण डुबेका रुखहरु

घ) जनकपुर पश्चिमका जिल्लाहरु

कटाहा खोलाले कटान गरेको क्षेत्र (पर्सा, वीरगंज)

ब्रम्हापुरी गा.पा., सर्लाहीको खेतीयोग्य भू-भाग डुबानमा परेको दृष्य

बाढीले क्षती पुऱ्याएको पुल, बर्दिबास (महोत्तरी)

बाढीबाट डुबानमा परेको ब्रम्हापुरी गा.पा., सर्लाही